कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०७८।७९
चलानी नं.: ४९

मितिः २०७८/०४/२५

श्री प्रमुख प्रशासकीय अधिकृत,
स्थानीय तहहरु (सबै)
कर्णाली प्रदेश, नेपाल।

विषयः- प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने वजेट कार्यान्वयन (सशर्त अनुदान वाहेक) सम्बन्धी मार्गदर्शन।

कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ बमोजिम प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानका कार्यक्रम सञ्चालन र राजस्व बाँडफाँट सम्बन्धमा देहाय वमोजिमको मार्गदर्शन पठाइएको व्यहोरा अनुरोध छ।

अन्तर सरकारी वित्तीय हस्तान्तरणः

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट स्थानीय सञ्चित कोषमा भाद्र ७ गते, कार्तिक ७ गते, माघ ७ गते र वैशाख ७ गते भित्र चार किस्तामा दाखिला हुनेछ।

२. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत कार्तिक ५ गते, माघ ५ गते, वैशाख ५ गते र वार्षिक आर्थिक विवरण साउन २४ गते भित्र खर्च भएको रकमको विवरण बुझाउनुपर्नेछ। त्यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछैन।

३. मुलुकमा विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन नभएमा, संघीय सरकारबाट हस्तान्तरण हुने रकममा न्यूनता आएमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता वाहेक अन्य किस्ता र सो वापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा प्रदेश सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ।

४. समपूरक अनुदान र विशेष अनुदान सम्बन्धमा कर्णाली प्रदेश समपूरक अनुदान संम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) को

सचिव

Scanned by CamScanner

आधारमा हस्तान्तरण हुने कार्यक्रम/आयोजना र अनुदान रकम उपलव्ध गराइसकिएकोले सोही कार्यविधि बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

५. समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ५ को उपदफा (७) बमोजिम सम्वन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत् आगामी भाद्र १५ गतेभित्र अनिवार्य रुपमा प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ। अघिल्लो आर्थिक वर्षको यस अनुदान वापतको बचत रकम फिर्ता दाखिला नगर्ने स्थानीय तहलाई चालु आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान रकमबाट कट्टा गरी समायोजन गरिनेछ।

६. राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम विभाज्य कोष मार्फत् मासिक रुपमा महिना समाप्त भएको १५ दिनभित्र सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयमार्फत् स्थानीय सञ्चित कोषमा जम्मा हुनेछ।

७. वित्तीय हस्तान्तरणलाई नतिजामूलक बनाई विकासका लक्ष्य हाँसिल हुने गरी परिचालन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

८. वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँटको रकम तत्कालका लागि स्वास्थ्य, सुरक्षा, कृषि, आर्थिक पुनरुत्थान, जोखिममा रहेको वर्ग तथा समुदायको हित र त्यसपछि क्रमशः नागरिकका अन्य मौलिक हक कार्यान्वयनलाई प्राथमिकतामा राखी विनियोजन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

९. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपालको पन्ध्रौं योजना र प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनुहुनेछ।

राजस्व बाँडफाँट सम्वन्धी व्यवस्थाः

१०. मालपोत लगायत घर जग्गा रजिष्ट्रेशन शुल्कबाट संकलन हुने राजस्व रकम साठी प्रतिशत सम्बन्धित गाउँपालिका वा नगरपालिका र चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला हुनेछ।

११. प्रदेश सरकारबाट संकलन हुने सवारी साधन कर वापतको राजस्व रकमको चालीस प्रतिशतले हुन आउने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारण गरे बमोजिम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिनेछ।

१२. स्थानीय तहबाट संकलन हुने विज्ञापन कर र मनोरञ्जन करबाट उठेको राजस्व रकम मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

सचिव

Scanned by CamScanner

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०७८।७९

चलानी नं.: ४८

१३. ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले आफ्नो सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

१४. स्थानीय तहबाट संकलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने राजस्व बाँडफाँडको रकम मासिक रुपमा दाखिला गर्नुपर्नेछ। उक्त बाँडफाँट वापतको रकम दाखिला नभएमा प्रदेश सरकारबाट हस्तान्तरण हुने गरी विनियोजन भएको रकम रोक्का गर्न सकिनेछ।

आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था :

१५. कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ६ (१) बमोजिम प्रदेश सरकारको कुनै निकायमा विनियोजन भएको कार्यक्रम वा आयोजना स्थानीय तह मार्फत गराउदा शर्त सहित पठाएकोमा उक्त शर्तको पालना सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

१६. कुनै स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना प्रदेश सरकार मातहतको निकाय मार्फत् कार्यान्वयन गराउनुपर्ने भएमा विषयगत मन्त्रालय र यस मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन सकिनेछ।

१७. हस्तान्तरण भएका योजना वा कार्यक्रमको स्थान नखुलेको अवस्थामा सम्बन्धित स्थानीय तहले आवश्यकताको आधारमा स्थान छनौट गरी प्रदेश मन्त्रालयको मार्गदर्शन समेतको आधारमा कार्यान्वयन गर्न सक्नेछ। तर सशर्त अनुदान तर्फको आयोजना वा कार्यक्रमको हकमा मन्त्रालयले आयोजनाको सूचि समावेश गरी मार्गदर्शन पठाएपछि सोही आधारमा कार्यान्वयन गर्नुपर्नेछ ।

लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :

१८. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रुपमा सम्बन्धित तहको कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

१९. बुँदा नं. १८ बमोजिमका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनुपर्नेछ।

२०. प्रत्येक स्थानीय तहले महालेखा परीक्षकको कार्यालयबाट भएको लेखापरीक्षण प्रतिवेदन अर्को आर्थिक वर्षको पौष मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

सचिव

Scanned by CamScanner

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०७८।७९

चलानी नं.: ५६

वित्तीय अनुशासनः

२१. आफूले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र हस्तान्तरण भएको अनुदान रकम कानून बनाई खर्च गर्नुपर्नेछ।

२२. प्रदेश लेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा स्थानीय तहको आय व्ययको विवरण सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत् पठाउने व्यवस्था गर्नुपर्नेछ।

२३. आर्थिक वर्ष २०७७/०७८ को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनुपर्नेछ। गत आर्थिक वर्षको यस्तो प्रतिवेदन प्राप्त नभई चालु वर्षको राजस्व बाँडफाँट र अनुदान वापतको रकम हस्तान्तरण हुनेछैन।

आर्थिक वर्ष २०७८/०७९ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको website: www.moeap.karnali.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

४।२९

(चक्र बहादुर बुढा)

सचिव

सचिव

बोधार्थः-

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

श्री मन्त्रालयहरु (सबै), कर्णाली प्रदेश, सुर्खेत।

श्री कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश, सुर्खेत।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

श्री प्रदेश लेखा इकाई कार्यालयहरु (सबै) ।

Scanned by CamScanner